बैठक संख्या: १७।२०८२-२०८३
बैठक मिति:२०८२।१०।०८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

आज मिति २०८२।१०।०८ गते बिहिबार दिनको २:०० बजे रामधुनी नगरपालिकाका नगर प्रमुख श्री शंकरलाल चौधरीज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावहरु माथि छलफल गरी निर्णय गरियो ।

**उपस्थिति**

| क्र.सं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री शंकरलाल चौधरी | नगर प्रमुख (अध्यक्ष) | |
| २ | श्री तारा थापा | नगर उप प्रमुख | |
| ३ | श्री महेश कुमार चौधरी | वडाध्यक्ष वडा नं. १ | |
| ४ | श्री राम नारायण चौधरी | वडाध्यक्ष वडा नं. २ | |
| ५ | श्री बुध नारायण चौधरी | वडाध्यक्ष वडा नं. ३ | |
| ६ | श्री कमल कार्की | वडाध्यक्ष वडा नं. ४ | |
| ७ | श्री लेखनाथ बास्तोला | वडाध्यक्ष वडा नं. ५ | |
| ८ | श्री शिव शंकर राजधामी | वडाध्यक्ष वडा नं. ६ | |
| ९ | श्री केशव गौतम | वडाध्यक्ष वडा नं. ७ | |
| १० | श्री सुरेन्द्र सिंह खवास | वडाध्यक्ष वडा नं. ८ | |
| ११ | श्री घनश्याम चौधरी | वडाध्यक्ष वडा नं. ९ | |
| १२ | श्री राजेन्द्र कुमार साह | कार्यपालिका सदस्य | |
| १३ | श्री सोम कुमारी सुनुवार | कार्यपालिका सदस्य | |
| १४ | श्री पुनम देवी वि.क. | कार्यपालिका सदस्य | |
| १५ | श्री शुशिला ढुंगाना | कार्यपालिका सदस्य | |
| १६ | श्री भगवती खड्का | कार्यपालिका सदस्य | |
| १७ | श्री सरिता परियार | कार्यपालिका सदस्य | |
| १८ | श्री कमली चौधरी मोची | कार्यपालिका सदस्य | |
| १९ | श्री पवित्रा कुमारी चौधरी | कार्यपालिका सदस्य | |
| २० | श्री तेज नारायण यादव | प्रमुख प्रशासकीय अधिकृत | |

बैठक संख्या: १७।२०८२-२०८३
बैठक मिति:२०८२।१०।०८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

| अन्य उपस्थिति: कर्मचारी | | | |
|---|---|---|---|
| १ | श्री बिरेन्द्र सिग्देल | लेखा शाखा प्रमुख | |
| २ | श्री सरोज कोईराला | सूचना प्रविधि अधिकृत | |
| ३ | श्री मुना पोखरेल | प्रशासन शाखा | |
| ४ | | | |
| ५ | | | |

प्रस्तावहरु.

१. प्रस्ताव नं. १: १९ औं नगरसभाको निर्णय कार्यन्वयन सम्वन्धमा।

२. प्रस्ताव नं. २: विविध।

निर्णयहरु

निर्णय नं.१

रामधुनी नगरपालिकाको १९ औं नगरसभाको निर्णय कार्यन्वयन सम्वन्धमा छलफल गर्दा तपसिल बमोजिमको निर्णय गरियो ।

तपसिलः

१. रामधुनी नगरपालिकाको आ.व. २०८२।०८३ को १९ औं नगरसभा बाट काटिएका योजनाहरु बाहेक प्रस्ताव भएका तथा संसोधन भएका योजनाहरु संचालनमा ल्याउने सर्वसहमतिद्वारा निर्णय गरियो।

२. रु. ५,००,००० (पाँच लाख) भन्दा कम लागतका योजना तथा कार्यक्रमहरू उपभोक्ता समिति मार्फत सञ्चालन गर्ने र उपभोक्ता समितिबाट कार्यान्वयन हुन नसक्ने त्यस्ता योजना र रु. ५,००,००० भन्दा माथिका योजना तथा कार्यक्रमहरूलाई प्याकेज बनाई E- Bidding प्रक्रियामार्फत सञ्चालन गर्ने निर्णय गरियो।

बैठक संख्या: १७।२०८२-२०८३
बैठक मिति:२०८२।१०।०८ दिनको २:०० बजे
स्थान: रामधुनी नगरपालिका कार्यालयको सभाहल

**निर्णय नं.२(क)**

घ वर्गको निर्माण व्यवसायी इजाजत पत्रको लागि तपसिल बमोजिमका निर्माण व्यवसायीहरुवाट माग निवेदन पेश भएको हुँदा रामधुनी नगरपालिका घ वर्गको इजाजत पत्र जाँचवुझ समितिको मिति २०८२।१०।०७ गतेको निर्णय अनुसार सिफारिस भई आएकोले तपसिल बमोजिमका निर्माण व्यवसायीहरुलाई घ - वर्गको इजाजत पत्र दिने निर्णय गरियो ।

तपसिलः

| क.स | निर्माण व्यवसायीको नाम / ठेगाना | कैफियत |
|---|---|---|
| १. | आकर्षण निर्माण सेवा, रामधुनी ६ सुनसरी | |
| २. | मुनि बाबा कन्ट्रक्सन, रामधुनी २ सुनसरी | |

**निर्णय नं.२(ख)**

श्री पंचायत मा.वि. पिप्राहा रामधुनी ३ सुनसरीको को च.नं. ५९ मिति २०८२।१०।०४ गतेको पत्रानुसार उक्त विद्यालयलाई भारतीय राजदुतावास काठमाडौं विकास साझेदारी एवम् पुननिर्माण प्रभाग अन्तर्गत भवन निर्माणार्थ कुल लागतको १०% हुन आउने रकम नेपाल सरकार र भारत सरकार विचको सम्झौता अनुरूप रामधुनी नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.२(ग)**

प्रस्ताव नं. २(ग) माथि छलफल गर्दा श्री शिवनगर माध्यमिक विद्यालय, रामधुनी-२, सुनसरीको च. न. १४ मिति २०८२।०८।१६ गतेको पत्र मार्फत श्री शिवनगर माध्यमिक विद्यालयको उत्तर पट्टिको कम्पाउण्ड वाल वा खेल मैदानसँग जोडिएर रहेको सधियारको जग्गा साविक भा. सिं. हाल रामधुनी नगरपालिका २ वस्ने श्रीमति ठकनी थरुनीको नाउँमा दर्ता कायम रहेको साविक भा. सि. गा. वि. स. को कित्ता नं. ३२५ को जग्गा विघा क्षेत्रफल ०-३-० तीन कठा जग्गामा र तत्कालिन श्री निम्न माध्यमिक विद्यालय हाल श्री शिवनगर माध्यमिक विद्यालय रामधुनी २ सुनसरीको नाउँमा दर्ता कायम रहेको भा. सि. को कित्ता नं. ३३० को जग्गा विघा क्षेत्रफल ०-८-१ धुर जग्गाबीच् जग्गा सट्टापट्टा गर्न अति आवश्यक भएको साथै उक्त जग्गामा विद्यालयको भौतिक संरचना कक्षाकोठा तथा

शौचालय समेत निर्माण भैसककोले निज सधियार श्रीमति ठकनी थरुनीको नाममा रहेको जग्गासँग सट्टपट्टा गर्नका लागि जग्गा धनीको मन्जुरीनामा दुबै पक्षबीच ( मन्जुरनामा) सम्झौता समेत भैसकेको हुँदा जग्गासँग सट्टसपट्टा गर्नका लागि शिक्षा विकास तथा समन्वय, इनरुवा, सुनसरीका नाममा सिफारिस माग भएकाले उक्त विद्यालयको जग्गा सट्टापट्टाको लागि आवश्यक प्रक्रिया अगाडि बढाईदिनका लागि श्री शिक्षा विकास तथा समन्वय इकाइ सुनसरीलाई  सिफारिस गर्ने निर्णय गरियो।

<u>निर्णय नं.२(घ)</u>

रामधुनी नगरपालिका वडा नं. ४ स्थित रहेको मुक्तिघाटको मर्मत संभारको लागि रकम रू ५०,००० नगरको मर्मत संभार शिर्षकवाट मर्मत गरि भुक्तानी गर्ने निर्णय गरियो ।